# उच्च अदालत विराटनगर इलाम इजलास

## (प्रशासन शाखा)

मितिः- २०७७।२।२७

विषय : बन्दाबन्दीको अवधिमा यस अदालतबाट सम्पादन गरिने कारबाही सम्बन्धमा ।

सम्मानित सर्वोच्च अदालतको च नं १८९६ मिति २०७७।२।१६ को पत्रबाट बन्दाबन्दीको अवधिमा सम्पादन गर्न सकिने काम कारबाहीका सम्बन्धमा यस अदालतको माननीय न्यायधीशज्यू, उच्च तथा जिल्ला सरकारी वकील कार्यालयका पदाधिकारी, जिल्ला अदालत, उच्च तथा जिल्लाबारका प्रतिनिधिज्यूहरु र यस अदालतका कर्मचारी समेत संग छलफल गरी देहायका कामकारवाहीहरु निम्न मिति देखि प्रारम्भ गर्ने गरि मिति २०७७।२।२४ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उच्च अदालत विराटनगर इलाम इजलासबाट सम्पादन हुने काम कारबाहीहरु

मिति २०७७।०२।२९ देखि सम्पादन हुने कामकारवाहीहरु

१. नेपाल सरकारको तर्फबाट पर्न आउने पुनरावेदन दर्ता

२.मिलापत्र

३.निवेदकले तारेख गुजारेका रिट निवेदनहरुको सुनुवाइ

४. सरकारी निकायलाई विपक्षी बनाइ दायर हुन आएका नयाँ रिट निवेदनको दर्ता र अन्तरिम आदेश सम्मको सुनुवाइ

५. नेपाल सरकारका तर्फबाट परेका प्रत्यर्थी नझिकाइएका पुनरावेदनहरुको सुनुवाइको हकमा मिति २०७७।२।३२ देखि प्रारम्भ हुने ।

हाल भैरहेका कामकारवाहीहरु

६.बन्दीप्रत्यक्षीकरणका निवेदनहरुको सुनुवाइ

७.फौजदारी कार्यविधि संहिताको दफा १५५ नं बमोजिम पर्ने निवेदनहरुको सुनुवाइ

८.बालबालिकासंग सम्बन्धित निवेदनहरुको सुनुवाइ

९.अभियोग पत्र दर्ता र थुनछेक (वाणिज्य र राजस्व चुहावटसंग सम्वन्धित)

१०.कोरोना महामारी सम्वन्धी निवेदनहरु

साथै फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गत पर्ने निवेदनहरु समेतका सुनुवाईको सम्बन्धमा पुनः छलफल गरिने छ।

06/2/26

(नवराज दुलाल)

रजिष्ट्रार

रजिष्ट्रार

बोधार्थः-

उच्च सरकारी वकील कार्यालय, इलाम

जिल्ला सरकारी वकील कार्यालय, इलाम

उच्च अदालत बार एसोसियशन इलाम

जिल्ला अदालत बार एसोसियशन इलाम